प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०८/०५

(बेलुका ५:०० बजे)

### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.६२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २१६९६५ (१००%) | ११८५१४(१००%) |
| निको भएको | १९१००२ (८८.०३%) | १०२९३० (८६.८५%) |
| उपचाररत | २४६६५ (११.३६%) | १४९४४(१२.६०%) |
| मृत्यु भएको | १२९८ (०.५९%) | ६४० (०.५४%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०८/०५ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०८/०५ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः







स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०८/०५

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| **आइ. सी. यु मा उपचाररत बिरामीको संख्या** | ११६ | ६१ | १७७ |
| **भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या** | ३५ | ३ | ३८ |

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | **संख्या** | **विवरण** |
| काठमाडौं | ४ | ३ पुरुष र १ महिला |
| भक्तपुर | २ | २ महिला |
| नुवाकोट | १ | १ पुरुष |
| काभ्रेपलान्चोक | १ | १ पुरुष |
| दोलखा | १ | १ महिला |
| **जम्मा — ९** | | |

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- काठमाडौंका ६० वर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले मंसिर २ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंगसिर ४ गते निधन भएको छ । उहाँको मंसिर १ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई दम रोगको समेत समस्या थियो।) काठमाडौंका ७८ वर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले कार्तिक ३० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंसिर ५ गते निधन भएको छ । उहाँको मंसिर २ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँलाई मृगौला सम्बन्धि रोगको समेत समस्या थियो।) काठमाडौंकी ७९ वर्षिया महिला कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले कार्तिक २१ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंसिर ३ गते निधन भएको छ । उहाँको कार्तिक २६ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई दम र मृगौला सम्बन्धि रोगको समेत समस्या थियो।) काठमाडौंका ५६ वर्षिय पुरुष कोभिड र निमोनियाका कारणले मंगसिर ३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंगसिर ४ गते निधन भएको छ । उहाँको मंसिर ३ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई उच्च रक्तचाप रोगको समेत समस्या थियो।)

- भक्तपुरकी ७८ वर्षिया महिला कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले कार्तिक १५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंसिर ४ गते निधन भएको छ । उहाँको मंसिर ३ गते कोभिड-१९ पुष्टि

भएको थियो ।(उहाँलाई मुटुको रोग, मधुमेह र उच्च रक्तचापको रोगको समेत समस्या थियो।) भक्तपुरकी ५५ वर्षिया महिला कोभिड र निमोनियाका कारणले कार्तिक २५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर ५ गते निधन भएको छ । उहाँको कार्तिक २५ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई दम रोगको समेत समस्या थियो।)

- नुवाकोटका ४६ वर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले कार्तिक २३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंसिर ४ गते निधन भएको छ । उहाँको कार्तिक २१ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँलाई थाईरोइड र उच्च रक्तचापको रोगको समेत समस्या थियो।) काभ्रेका ७५ वर्षिय पुरुष कोभिड र निमोनियाको कारणले कार्तिक २५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंगसिर ५ गते निधन भएको छ । उहाँको कार्तिक २३ गते कोभिड-१९ पुष्टि भएको थियो ।(उहाँलाई दम रोगको समेत समस्या थियो।) दोलखाकी ३९ वर्षिया महिला कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले कार्तिक २० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंगसिर ४ गते निधन भएको छ । उहाँको कार्तिक २४ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR)परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७५८२ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २९१ जना बसिरहनुभएको छ भने १२७३ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४७०५ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३५६२ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १६६६९ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १७५०७३ जनाको पिसिआर परिक्षण गरिएको छ ।
- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।स्वाबको रिपोर्टिंग र आइसोलेसनमा बसेको विवरणलाई आगामी दिनमा व्यवस्थित गर्दै लगिनेछ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या# | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | ८३२०५ | ८१५८३ | ८६२ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | ११२३४ | ११९९७ | १७४ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | ११५२५ | ७३१२ | ७१ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ० | १५४२ | १३० | | |
| नुवाकोट | ५४९ | ० | ० | ४५ | ६ | ७३५० | १०९७ | ११ | |
| धादिङ | ३१५ | ० | १८ | १६० | १ | ५८०१ | १३९२ | १४ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | १५७७९ | ६२४९ | ८७ | |
| सिन्धुली | ३१३ | ० | १ | ५२ | ४ | ३९८५ | ४७३ | २ | |
| मकवानपुर | १२५ | ० | ० | २९० | १० | १६७३१ | ३८०६ | ८ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | १४७९ | ४३९ | ६ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| दोलखा | १९३ | ३ | ० | ४४ | ६९* | २८५३ | ५५२ | १७ | |
| काभ्रेपलान्चोक | ५९७ | २९ | २३ | १९९ | ४९ | ७३५९ | २६९९ | ५४ | |
| सिन्धुपाल्चोक | ७५४ | ० | १०१ | १३१ | ११ | ६२३० | ७८५ | ११ | |
| जम्मा | ७५८२ | २९१ | १२७३ | ४७०५ | ३५६२ | १७५०७३ | ११८५१४ | १३१७ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख, *होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको, #केहि जिल्लाहरुको अध्यावधि गर्न बाँकी रहेको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३२४६४ | ७७ | ७७ | मकवानपुर-२२ | ५५ | |

(धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।)

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p३.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid१९.mohp.gov.np/#/
-नेपाल सरकार गृह मन्त्रालय : https://covid१९.ndrrma.gov.np/
-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-१९-situation-updates
-विश्व स्वास्थ्य संगठन /नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता
डा. पुरुषोत्तम राज सेढाई